आज मिति २०७६ साल बैशाख २८ गते बुधवारका दिन यस रोङ गाउँपालिकाका अध्यक्ष श्री मान्देर राईज्यूको अध्यक्षतामा गाउँ-कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल एवं निर्णयहरू गरियो।

## उपस्थिति

१. अध्यक्ष — श्री मान्देर राई
२. उपाध्यक्ष — श्री चन्द्र कला राई
३. वडाध्यक्ष — श्री बुद्धि बहादुर ढकाल
४. —॥— — श्री इन्द्र बहादुर तामाङ
५. —॥— — श्री मात्रिका बसाल
६. —॥— — श्री सूर्य राई
७. —॥— — श्री युवराज खम्बुवा राई
८. —॥— — श्री मोति कुमार लाङवो
९. का० पा० सदस्य — श्री थैका तिवारी
१०. —॥— — श्री योगमाया सुनुवार
११. —॥— — श्री विमला तामाङ
१२. —॥— — श्री मन कुमार लाम्चा
१३. —॥— — श्री इन्द्र गहतराज
१४. —॥— — श्री सुमित्रा योञ्जन
१५. सचिव — श्री डिक प्रसाद दाहाल

## प्रस्तावहरू

प्रस्ताव नं. १ पूर्ण सरसफाई कार्यक्रम सम्बन्धमा।
प्रस्ताव नं. २ गाउँपालिका स्तरमा भएको शिविरमा चिया, नास्ता एवं बाटखर्च बापतको रकम भुक्तानी दिने सम्बन्धमा।
प्रस्ताव नं. ३ महानन्द स्मृति प्रतिष्ठानको लागि कार्यक्रम खर्च व्यवस्थापन सम्बन्धमा।
प्रस्ताव नं. ४ खाल्डेदारीमा पुल निर्माण गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ५ प्रदेश सरकार संग समपूरक अनुदान माग गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ६ विशेष अनुदानबाट संचालन हुने कार्यक्रम र लागत अनुमान सम्बन्धमा।
प्रस्ताव नं. ७ विविध सम्बन्धमा।

## निर्णयहरू

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रोङ गाउँपालिकाको

क्रमशः

वडा नं. ३, ४ र ६ मा संचालित पूर्ण सरसफाई कार्यक्रमको हालसम्म भएको कार्य प्रगति सहितको सेवा प्रदायक संस्था श्री सुनगाभा विकास संस्थाले पेश गरेको प्रतिवेदन उपर छलफल भयो। पूर्ण सरसफाई कार्यक्रमलाई परिणाममुखी बनाउन सुरसफाई कोड वितरण, संकलित फोहोर व्यवस्थापनका लागि निजी संस्था संग आवश्यक सहकार्य गर्ने तथा माग बमोजिम थप समय र बजेट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७५ साल चैत्र २१ र २२ गते यस शिङ गाउँपालिकाको प्राङ्गणमा नागरिकता वितरण, फोटो सहितको मतदाता नामावली संकलन, विशेषज्ञ चिकित्सकहरु द्वारा विरामीहरुको निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क औषधी वितरण, फिजियोथेरापी सेवा, कान, आँखाको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने गरी कार्यक्रम संचालन भएको तथा परराष्ट्र मन्त्रालयबाट पाल्नु भएका श्रीमान सचिवज्यूको टोलीलाई स्वागत गरिएको हुँदा उक्त कार्यक्रमहरुमा खाना, चिया, नास्ता, होटलबास लगायत भएको तपसील बमोजिमको रकम सम्बन्धितलाई भुक्तानी दिने निर्णय गरियो।

तपसील

१. चिया, खाजा, खाना, बास लगायत चिया नास्ता पसल = रु ५२,१६०/-
२. चिया, खाजा, खाना, बास लगायत हिल उड रिसोर्ट एण्ड लज = रु ७३,६००/-

जम्मा रु १,२५,७६०/-

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७६ साल वैशाख ३० गतेका दिन गाउँपालिकाको निर्णयानुसार काव्यशास्त्री महानन्द सापकोटाको जन्मजयन्ती विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाउने निर्णय भएकोले कार्यक्रम व्यवस्थापनका लागि महानन्द स्मृति प्रतिष्ठानले पेश गरेको कार्यक्रम र बजेट स्वीकृत गर्दै (रु १,०७,००० बजेट) र उक्त रकम महानन्द स्मृति कोष (छात्रवृत्ति कोष) शीर्षकमा विनियोजित बजेटबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शिङ गाउँपालिकाको वडा नं. २ मा पर्ने दुधे खोलामा काठेपुल निर्माण गर्न प्राविधिक लागत अनुमान अनुसार रु ७,३७,२५२।५७ (सात लाख सैतीस हजार दुई सय बाउन्न र पैसा सन्ताउन्न मात्र) खर्च लाग्ने देखिएको र उक्त पुल निर्माण सामुदायिक वनले गाउँपालिका संग लागत साझेदारीमा

क्रमशः

निर्माण गर्न इच्छुक भएको पक्षहरूले उक्त पुल निर्माणका लागि गाउँपालिकाको तर्फबाट रु २,२०,०००।= (दुई लाख बीस हजार मात्र) साझेदारी गर्नेगरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आ.व. २०७६/०७७ मा प्रदेश सरकार समपूरक अनुदानबाट रुम्च्याङ्ग – ईले – जौबारी – कुवापानी – लामीटार – सेङलेङटार – झापा सडक निर्माण गर्ने गरी प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघीय सरकारबाट चालु आ.व. २०७५/०७६ का लागि विशेष अनुदान वापत प्राप्त रकम रु १ करोड ८० लाख २५ हजार बाट समय अभाव र सो गाउँपालिकाको जटिल भौगोलिक अवस्थितिका कारणले प्राविधिक डिजाइन र लागत अनुमान अनुसार निम्न बमोजिम Packages अनुसार कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

निम्न

| क्र.सं. | कार्यक्रमको नाम र स्थान | लागत अनुमान (भ्याट बाहेक) |
|---|---|---|
| १. | शान्तीपुर लेप्चा गुम्बा मर्मत वडा २ | ९,८५,६००/४४ |
| २. | पेमा लाप्चाङ ग्याम्छु (लेप्चा) गुम्बा मर्मत वडा-५ | ६,९८,३३१/५८ |
| ३. | चिण्डेपानी लेप्चा बस्ती सा. भवन निर्माण वडा-३ | १७,२१,६६०/७३ |
| ४. | ठिम्ले लेप्चा बस्ती सामुदायिक भवन निर्माण वडा-६ | १२,५४,१६६/७७ |
| ५. | लेप्चा बस्तीमा रहेको ठिम्ले आ. वि. भवन मर्मत -॥- | ७,०८,०७१/६९ |
| ६. | वडा ५ लेप्चा बस्ती विद्युत विस्तार | १७,२७,४६०/६८ |
| ७. | चिण्डेपानी लेप्चा बस्तीमा सुलभ शौचालय निर्माण (५२ वटा) | १५,५१,१०९/८८ |
| ८. | हर्कटे - चिण्डेपानी (लेप्चा बस्ती) सडक निर्माण | १७,२३,५१४/३५ |
| ९. | कुईडाँडा - लामपोखरी - चिण्डेपानी (लेप्चा बस्ती) सडक निर्माण | १७,२३,९४३/०४ |
| १०. | किरीनी कालुखोला लेप्चागाउँ र मानाबुङ लेप्चाबस्ती विद्युत विस्तार तथा व्यवस्थापन वडा ४ | १०,५८,७२०/५३ |
| ११. | चिण्डेपानी लेप्चागाउँ विद्युत विस्तार तथा व्यवस्थापन | ८,२१,४३६/०४ |
| १२. | ब्युरे लेप्चा गाउँ विद्युत विस्तार तथा व्यवस्थापन | ९,८३,०४३/०८ |
| १३. | लेप्चा समुदायका लागि आयमूलक कार्यक्रम संचालन | ४,४५,०००/= |

निर्णय नं. ७. विविधमा केही नभएकोले आजको बैठक समापन भयो।